## बकैया गाउँकार्यपालिकाको मिति २०७८।०५।१० गतेको बैठकका प्रस्ताव एवं निर्णयहरु

**१. आ.व. २०७७।७८ को समिक्षा सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकाको गत आर्थिक वर्षको योजना तथा कार्यक्रमहरु सम्बन्धमा शाखागत रुपमा समिक्षा गर्दै सुझाव सहित स्वीकृत गर्ने निर्णय गरियो ।

**२. चालू आ.व. २०७८।७९ को योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा बकैया गाउँपालिकाबाट आर्थिक वर्ष २०७८।७९ मा उपभोक्ता समिति मार्फत संचालन गरिने योजना संचालन गर्नको लागि तपशिल बमोजिमको योजना संचालन कार्यतालिका अनुरुप योजना संचालन गर्ने निर्णय गरियो ।

| क्र सं | क्रियाकलाप | श्रावण | भाद्र | असोज | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुन | चैत्र | बैशाख | ज्येठ | असार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | उपभोक्ता समिति गठन | | | | | | | | | | | | |
| २ | योजनाको सम्झौता | | | | | | | | | | | | |
| ३ | योजनाको कार्यान्वयन तथा फरफारक | | | | | | | | | | | | |

**३. गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा चालु आर्थिक वर्षमा गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम यस गाउँपालिका अन्तर्गतका वडा नं. ३, ५ र ६ मा सञ्चालन गर्ने निर्णय गरियो ।

**४. घर नक्सा पास सम्बन्धी कार्यविधि सम्बन्धमाः-**

नेपाल सरकारले लागू गरेको बस्ती विकास, सहरी योजना तथा भवन
प्रस्तुत विषयमा छलफल गर्दा
निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ बमोजिम मापदण्ड पालनाका लागि यस
गाउँपालिकाले समेत वस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड,
२०७६ लागू गरेकोमा यस गाउँपालिका क्षेत्रमा निर्माण हुने भवनहरु आधारभूत मापदण्ड पालन सहित
निर्माण गराउनका लागि घर नक्सा पास सम्बन्धी कार्यविधि तयार गरि आगामी कार्यपालिका बैठकमा पेश
गर्ने निर्णय गरियो ।

**५. सडक मर्मत सुधार सम्बन्धमाः-**

यस गाउँपालिकाका विभिन्न सडकहरु चालु वर्षको वर्षातमा आएको बाढी
प्रस्तुत विषयमा छलफल गर्दा
पहिरोका कारण क्षति भएकामा ती सडकहरु मर्मत सुधार गरी सवारी आवागमनयुक्त बनाउनका लागि
एक्साभेटर तथा ब्याक्हो लोडर घटाघटको दररेटमा भाडामा लिई कार्य गराउने निर्णय गरियो ।

**६. "घ" वर्गको व्यवसाय दर्ता सम्बन्धमाः-**

यस गाउँपालिका अन्तर्गत वडा नं. ५ मा रहेको एस.एस. निर्माण सेवा र
प्रस्तुत विषयमा छलफल गर्दा
वडा नं. १० मा रहेको स्वर्णीमा निर्माण सेवा ले "घ" वर्गको व्यवसाय दर्ताको लागि यस गाउँपालिकामा
विभिन्न कागजातहरु सहित निवेदन पेश गरेकोमा यस कार्यलयको "घ" वर्गको व्यवसाय दर्ता सम्बन्धि
कार्यविधिको दफा २ बमोजिम उक्त व्यवसायहरु दर्ताको लागि योग्य देखिएकोमा दर्ताको लागि अनुमति
दिने निर्णय गरियो ।

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

दामोदर दलाल
अध्यक्ष

Scanned with CamScanner

७. करार अवधि थप सम्बन्धमाः-

प्रस्तुत विषयमा छात्रवृत्ति चिकित्सक परिचालन निर्देशिका, २०७१ को दफा ७(१) बमोजिम अस्थायी चिकित्सक आठौं तहमा मिति २०७६।०१।०८ गतेदेखि छतिवन प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत डाक्टर युवराज पाण्डेको मिति २०७८।०१।०७ गतेदेखि करार सम्झौता समाप्त हुने भएकोमा गाउँ कार्यपालिकाको मिति २०७८ बैशाख ५ गतेको बैठकको निर्णय बमोजिम साविक अनुसारकै सेवा सुविधा कायम गर्दै निजको करार अवधि २०७८ असार मसान्त सम्म थप गरिएको र निज हालसम्म उक्त प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत रहेकोमा नेपाल सरकारले वृद्धि गरेको थप तलव सुविधा सहित साविक अनुसारकै सेवासुविधा पाउने गरि निजको करार अवधि २०७८ श्रावण १ गते देखि लागु हुने गरि मिति २०७८ भाद्र मसान्त सम्मको लागि थप गर्ने निर्णय गरियो ।

८. पशु विमा कार्यक्रम सञ्चालन सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकाको चालु आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रममा पशु विमा कार्यक्रम सञ्चालनको लागि रु. १०,००,०००।- विनियोजन गरिएको मा उक्त रकमले पशु विमा कार्यक्रम सञ्चालन गर्न अपुग भएमा चालु कार्यक्रम अन्तर्गतको विविध शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

दामोदर खनाल
अध्यक्ष

Scanned with CamScanner